गरुडा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गरुडा, रौतहट

मधेश प्रदेश, नेपाल

## आ.व.२०८१।०८२ को लागि आन्तरिक आय ठेक्का सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

### प्रथम पटक प्रकाशितमिति २०८१/०२/२१

यस कार्यालयको मिति २०८१।०२।१८ गतेको निर्णय अनुसार यस कार्यालयबाट स्थानीय सरकार सचालन ऐन, २०७४ बमोजिम निम्न अनुसारको ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले तपसिलको दर रेट मा निम्न शर्तहरुको पालना गर्ने गरी मूल्य अभिवृद्धि (भ्याट) मा दर्ता भएको ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले यसै नगरपालिका कार्यालयबाट विक्री हुने टेन्डर फारम रित पूर्वक भरि शिलबन्दी गरी करमा नवीकरण भएको ईजाजतपत्र, कर दर्ता प्रमाण पत्र र आ.व.२०७९।०८० सम्मको कर चुक्ता प्रमाण पत्र समेतको प्रमाणित प्रतिलिपी सहित संलग्न गरी १५(पन्ध्र) दिन भित्र पेश गर्न हुनका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

तपसिल

| ठेक्का नं. | ठेक्काको किसिम | कर उठाउने पर्ने क्षेत्र | न्युनतम कबोल अंक( मु.अ.कर बाहेक) | फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| ०८/२०८०/०८१ | गरुडा पशु बजार ( गरुडा न.पा.४) | गरुडा पशु बजार (गरुडा न.पा.४) | १५,००,०००।- | १,०००।- | |
| ०९/२०८०/०८१ | महम्मदपुर शिवनगर तरकारी बजार (गरुडा न.पा.५) | महम्मदपुर शिवनगर तरकारी बजार (गरुडा न.पा.५) | ३,००,०००।- | १,०००।- | |
| १०/२०८०/०८१ | रघुनाथपुर विर्ता तरकारी बजार ( गरुडा न.पा.९) | रघुनाथपुर विर्ता तरकारी बजार (गरुडा न.पा.९) | १,००,०००।- | १,०००।- | |
| ११/२०८०/०८१ | महम्मदपुर झाँझनदी माछा ठेक्का | गरुडा न.पा.को क्षेत्रभित्रझाँझनदी | १,५०,०००।- | १,०००।- | |

शर्तहरु

१.ठेक्काको अवधि २०८१ साल श्रावण गते देखि मिति २०८२ साल आषाढ मसान्त सम्म हुनेछ।

२.टेण्डर फारम मिति २०८१।०२।२२ गते देखि मिति २०८१।०३।०३गते १२:०० बजे सम्म खरिद गर्नु पर्नेछ।

३.टेण्डटर फारम शिलबन्दी गरी मिति २०८१।०३।०३ गते दिनको ५:०० बजे सम्म यस न.पा.कार्यालयमा दर्ता गराउने पर्नेछ।

४.रित पूर्वक दर्ता हुन आएको गोप्य शिलबन्दी टेण्डर फारमहरु मिति २०८१।०३।०४ गते दिउँसो २:०० बजे खोलिनेछ। सो दिन विदा परेमा सो को भोलिपल्ट।

५.धरौटी वापतको रकम स्वदेशी नागरिक भएमा बोल कबोल अंकको ५% र विदेशी नागरिकको हकमा बोल कबोल अंकको १०% रकम एन.आई.सि.एसिया बैक लि.गरुडा स्थित यस न.पा.को धरौटी खाता न.01CA052591852403 मा जम्मा गरी सक्कलै भाउचर वा बैक ग्यारेन्टी गोप्य शिलबन्दी फारम संग पेश गर्नु पर्नेछ।

६.बोल पत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने दिन विदा परेमा उक्त कार्यहरु सो को भोलि पल्ट हुनेछ।

७.ठेक्का कबोल गरेको रकम स्वीकृत बोलपत्र दाताले एकमुष्ट बुझाउनु पर्नेछ र सो वापत १०% सहुलिय स्वरुप छुट दिइनेछ।

८. शिलबन्दी फारममा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट बुझने गरी लेख्नु पर्नेछ।

९.टेण्डर स्वीकृत भएको ७ दिन भित्र रकम बुझाउन नआएमा धरौटी जफत गरी कमश:अर्को टेण्डर स्वीकृत गरिनेछ।

१०.प्रचलित कानून अनुसार ठेक्का वापत लाग्ने सम्पूर्ण कर दस्तुर ठेकेदार स्वयमले यस कर्यालयमा नगदी दाखिला गर्नु पर्नेछ।

११.कानूनले निषेधित गरेको वस्तु वा सामानमा कर लिन पाइने छैन। साथै न.पा.ले विकास निर्माण कार्यमा प्रयोग गर्ने वस्तुमा कर लिन पाइने छैन र सो वापत कुनै माफी मिन्हाको दावी गर्न पाइने छैन।

मुहम्मद मुस्ताक आलम
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

गरुडा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गरुडा, रौतहट

मधेश प्रदेश, नेपाल

१२.बन्द हडताल लगायत जस्ता कुनै पनि कारणबाट ठेकेदारलाई क्षति पुग्न गएमा ठेकेदार स्वयँमले जिम्मेवार हुनुपर्ने र त्यस बापत यस कार्यालयबाट कुनै क्षतिपुर्ति वा मिन्हा पाइने छैन ।

१३.ठेक्का स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस न.पा.कार्यालय लाई रहनेछ ।

१४.शर्तहरु पालना गर्न नसक्ने ठेकेदारको ठेक्का यस कार्यालयले तोड्न सक्नेछ ।

१५.न.पा.ले निर्धारण गरेको दर रेटमा नबढाई शुल्क उठाउनु पर्नेछ ।

१६.यसमा नखुलेका शर्त तथा अन्य कुरा प्रचलित ऐन, कानून र यस न.पा.को निर्णय अनुसार हुनेछ ।

२०८१।०२।२९

(मुहम्मद मस्ताक आलम)

प्रमुख प्रशासकीय अधिकृत

मुहम्मद मुस्ताक आलम

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner